म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १४६ शनिबार २३ पुस २०७९ ने. सं. ११४३ पोहेलाथ्व 7 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषधसहित २० वर्षीया युवती पक्राउ

हेटौंडा, २२ पुस/मकवानपुरमा पछिल्लो समय युवायुवतीहरु लागूऔषधको दुर्व्यसनीमा फसेको प्रहरी अनुसन्धानबाट खुलेको छ । लागूऔषध दुर्व्यसनी र ओसारपसारमा धेरै युवायुवतीहरु संलग्न रहेको प्रहरीको रिपोर्टले देखाउँछ । मकवानपुर प्रहरीले लागूऔषध ओसार पसारमा संलग्न भएको आरोपमा एक २० वर्षीया युवतीलाई हेटौंडाबाट पक्राउ परेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले हेटौडा-१० न्युरेनीस्थित सडकमा शंकास्पद रुपमा हिँडिरहेको अवस्थामा हेटौंडा-११ बस्ने २० वर्षीया अनुषा मोक्तानलाई पक्राउ गरेको हो । मोक्तानको साथबाट प्रहरीले लागूऔषध खैरोहिरोईन जस्तो देखिने खैरो धुलो पदार्थ १ सय ८० मिलि ग्राम फेला पारेको थियो । उनले लगाएको पाईन्टको खल्तीमा लुकाएर राखेको अवस्थामा खैरोहिरोईन जस्तो देखिने खैरो धुलो पदार्थ भेटिएको मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

# मकवानपुरमा मापदण्डविपरित चलेका १०२ क्रसर उद्योग ठप्प

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/गृह मन्त्रालयले मापदण्डविपरितका क्रसर उद्योगहरु बन्द गर्न निर्देशन दिएपछि मकवानपुरका १ सय २ वटा क्रसर उद्योगहरुलाई सञ्चालनमा रोक लगाइएको छ ।

क्रसर उद्योगहरुको वास्तविक अवस्थाबारे रिपोर्ट पठाउन गृहले जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई निर्देशन दिएपछि जिल्लाका ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खनन्, प्रशोधन कार्यमा संलग्न क्रसर उद्योगहरुको डरलाग्दो स्थिति देखा परेको छ । क्रसर उद्योगहरु कुनै दर्ता बिनै सञ्चालनमा रहेको, कुनैले उद्देश्यविपरित कार्य गरेको पाइएको छ । यतिसम्मकी जिल्लाको नदीजन्य पदार्थमा क्रसर उद्योगहरुकै कब्जा रहेको फेला परेको छ । नियमनकारी निकायहरुले विगतका वर्षमा प्रभावकारी नियमन नगरेका कारण ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खनन्, प्रशोधन कार्यमा संलग्न क्रसर उद्योगहरुले मनलाग्दी गरेको पाइएको हो ।

सरकारी रिपोर्टका अनुसार जिल्लाका १ सय २ वटै क्रसर उद्योगहरु मापदण्डभित्र सञ्चालित छैनन् । सरकारी मापदण्डकै कारण क्रसर उद्योगहरु नवीकरण हुन नसकेको दाबी गरिए पनि सरकारले संशोधन गरेर उद्योगहरुलाई सहज बनाएको थियो । तर, मापदण्ड सहज हुँदासमेत क्रसर उद्योगहरु नियमभित्र रहेर नवीकरण नभएको देखिएको छ । सरकारले मंसिर २०७७ मा जारी गरेको नयाँ मापदण्डले घनाबस्ती र वनक्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँच सय मिटर दूरी भित्रको नदी, सडक तथा पुलको एक किलोमिटर तल र पाँच सय मिटर माथिको नदीजन्य पदार्थको उत्खनन् गर्न रोक लगाएको थियो । तर, सरकारले क्रसर उद्योगहरु खुलाउन सहज हुने गरी असार २०७९ मा मापदण्ड संशोधन गरेको थियो ।



संशोधित मापदण्डले क्रसर उद्योगहरु अझै बस्ती नजिक आउने बाटो खोलेको थियो । नदीजन्य पदार्थको उत्खनन् पनि बस्ती नजिकसम्म नै गर्न पाइने बनाइएको थियो । मापदण्ड संशोधनपछि घना बस्तीमा तराई क्षेत्रमा १ किलोमिटर मै उत्खनन गर्न दिने बाटो खोलिएको थियो । पहाडी क्षेत्रमा ५ सय मिटर बाहिर नदीजन्य पदार्थको उत्खनन गर्न पाउने बनाएको छ । यस्तै तराई क्षेत्रमा राजमार्गको पाँच सय मिटर र पहाडी क्षेत्रमा २ सय मिटर दूरी बाहिर नदीजन्य पदार्थ उत्खनन गर्न पाउने व्यवस्था गरिएको थियो ।

बिहीवार जिल्ला प्रशासन कार्यालय मकवानपुरमा बसेको सरोकारवालाहरुको बैठकले जिल्लामा मापदण्डविपरित सञ्चालित सम्पुर्ण क्रसर उद्योगहरु बन्द गर्ने निर्णय गरेको थियो । जिल्लामा ३२ वटा क्रसर उद्योगहरु दर्ता नै नभएको मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी नेत्र प्रसाद शर्माले जानकारी दिए । उनका अनुसार गृह मन्त्रालयबाट अर्को निर्णय नभएसम्मका लागि जिल्लाका १ सय २ वटा क्रसर उद्योगहरु बन्द रहने छन् । जिल्ला समन्वय समितिका अनुसार साउन २०७८ सम्मको रिपोर्टअनुसार २६ वटा क्रसर उद्योगहरुले तिर्नु बुझाउनु पर्ने सरकारी दस्तुर नबुझाएको फेला परेको थियो । ९ वटा क्रसर उद्योगहरु बन्द भएको, दुई वटा क्रसर उद्योगहरु उद्देश्यअनुसार सञ्चालन नभएको, कागजात नै पेश नगरेका ९ वटा र अनुगमन नै नगरिएको ११ वटा क्रसर उद्योगहरु रहेको उल्लेख छ ।

क्रसरकै कारण बस्तीहरु जोखिममा पर्दासमेत सरकारले ध्यान नदिँदा क्रसर उद्योगहरु मनलाग्दी रुपमा प्रस्तुत हुँदै आएका थिए । यतिसम्मकी कुलेखानी जलाशयमा थाहा नगरपालिकामा सञ्चालित क्रसर उद्योगहरुका कारण बालुवा भरिएर पानी अट्ने क्षमता घट्दासमेत सरकारी निकायहरु मौन थिए । यो घटना नै नदीजन्य पदार्थमा क्रसर उद्योगहरुको कब्जा कस्तो थियो भन्ने दरिलो उदाहरण हो । तर, सरकारी मापदण्ड पुऱ्याउन नसकेका क्रसर उद्योगहरु नवीकरण बिनै सञ्चालनमा भएता पनि सरकारलाई राजश्व भने बुझाउँदै आएका थिए । मकवानपुरका क्रसर उद्योगहरु बन्द हुँदा जिल्लास्थित १० स्थानीय तहलाई झण्डै ५० करोड रुपैयाँ राजश्वमा धक्का लाग्ने भएको छ ।

आर्थिक वर्ष २०७७/०७८ मा मात्रै जिल्लाभित्र सञ्चालनमा रहेका क्रसर उद्योगहरुले स्थानीय तहहरुलाई ४५ करोड ५० लाख रुपैयाँ राजश्व तिरेका थिए । स्थानीय तहहरुको आन्तरिक स्रोतको बलियो आधार मानिएको क्रसर उद्योगहरु बन्द हुँदा राजश्व पनि गुम्ने भएको हो । सरकारी रिपोर्ट अनुसार ०७७/०७८ मा क्रसर उद्योगहरुबाट सबैभन्दा धेरै राजश्व उठाउनेमा हेटौंडा उपमहानगरपालिका र मनहरी गाउँपालिका छन् । यी दुई पालिकामा धेरै क्रसर उद्योगहरु सञ्चालित छन् । सरकारी रिपोर्टअनुसार क्रसर उद्योगहरुले ४५ करोड रुपैयाँ राजश्व बुझाए पनि राजश्व छली गर्ने क्रसर उद्योगदेखि बालुवा प्लान्टहरु अधिक छन् । तर, राजश्व नबुझाउँदा पनि राजनीतिक संरक्षणमा क्रसर उद्योगहरु सञ्चालनमा आइरहेको क्रसर उद्योग नियमनकारी निकाय स्रोतले जानकारी दिएको छ ।

अधिकांश क्रसर उद्योगहरुमा राजनीतिक दलका नेताहरुको कुनै तरिकाबाट संलग्नता र लगानी छ । आव ०७७/०७८ मा हेटौंडाका २४, मनहरीका १२, भीमफेदीमा २, बकैयाको ३, राक्सिराङमा ५, मकवानपुरगढीमा ६, इन्द्रसरोबरमा १ र थाहा नगर पालिकामा ८ वटा क्रसर उद्योगहरुले राजश्व बुझाएको सरकारी रिपोर्ट छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरको नयाँ तथ्यांकमा जिल्लाभर १ सय २ वटा ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खनन्, प्रशोधन कार्यमा संलग्न क्रसर उद्योगहरु रहेका छन् । तर, बालुवा उत्खनन् तथा प्रशोधन गर्ने उद्योगहरु भने अनगिन्ती रहेको जिल्ला समन्वय समिति मकवानपुरले जनाएको छ ।

बालुवा प्लान्टहरुको यकिन तथ्यांक अझै सरकारी निकायसम्म नभएको जनाइएको छ । जसकारण स्थानीय सरकारहरुलाई राजश्व गुम्दै पनि आइरहेको समन्वय समिति स्रोत बताउँछन् । 'क्रसर उद्योगहरुले पनि राजश्व छली गर्दै आएका थिए । बालुवा प्लान्ट त कति छन् कति, तर कमैले राजश्व तिर्छन्,' स्रोत भन्छ ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका, थाहा नगर पालिका, गाउँपालिकाहरु मनहरी, मकवानपुरगढी, राक्सिराङ, बकैया, बागमतीमा धेरै ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खनन्, प्रशोधन कार्यमा संलग्न क्रसर उद्योगहरु छन् । क्रसर उद्योगबाट आउने राजश्व स्थानीय सरकारको बलियो आयस्रोत समेत हो । तर, क्रसर उद्योगहरुकै कारण स्थानीय तहहरुमा नदीजन्य पदार्थ उत्खनन् कार्यमा गैरकानुनी कामसमेत भएको पाइएको थियो ।

# राप्रपासँग मिलेर सरकार बनाउने प्रयासमा कांग्रेस र समाजवादी

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/बागमती प्रदेशमा सरकार गठनको लागि प्रदेश प्रमुखले दिएको समय सकिन अब दुई दिन मात्रै बाँकी छ ।

प्रदेश प्रमुख यादवचन्द्र शर्माले पुस २५ गते दिउँसो ४ बजेसम्म बहुमत पाउनसक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा दावी गर्न पाँच दिनको समय दिएका थिए । प्रदेश प्रमुख शर्माले बिहिबार नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम दुई वा दुईभन्दा बढी दलहरुसँगको सहकार्यमा बहुमत प्राप्त दलका नेताले मुख्यमन्त्रीमा दाबी पेस गरी सरकार गठनका लागि आह्वान गरेका थिए । सरकार गठनको लागि आह्वान भएसँगै दलहरुले सक्रियता बढाएका छन् ।

नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादीले बागमती प्रदेशमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लाई फकाएर नयाँ समीकरणमा सरकार बनाउने प्रयास गरेको छ । केन्द्रमा कांग्रेस नेतृत्वको गठबन्धन भत्किएर एमालेको नेतृत्वमा गठबन्धन बनेसँगै बागमती प्रदेशमा पनि दलहरुको समीकरण फेरिएको छ । यसअघि कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी मिलेर बागमती प्रदेशमा गठबन्धनको सरकार बनेको थियो । तर, अहिले संघमा नयाँ समीकरण बनेसँगै बागमती प्रदेश सरकार गठनको लागि तयारी गरिरहेको कांग्रेस र समाजवादी सत्ताको खेलबाट आउट भएका छन् ।

केन्द्रमा बनेको नयाँ समीकरणअनुसार प्रदेशमा पनि नेकपा एमाले, माओवादी र राप्रपाको संयुक्त सरकार बन्ने स्थिति देखिएको छ । तर,केन्द्रसँगै ७ वटै प्रदेशमा सत्ता गुमाएको कांग्रेस र समाजवादीले राप्रपालाई फकाएर बागमती प्रदेशमा सरकार गठनको लागि पहल गरिरहेको छ । ११० सदस्यीय बागमती प्रदेशसभामा कुनैपनि दलको एकल बहुमत छैन । त्यसैले प्रदेशमा सरकार गठनको लागि दलहरुबीच समीकरण गर्नु बाध्यता छ । यसअघि एउटै गठबन्धनमा रहेर सरकार बनाएको कांग्रेस, माओवादी र समाजवादीको गठबन्धन फुटिसकेको छ ।



केन्द्रमा बनेको तालमेल अनुसार प्रदेशमा सरकार गठनको लागि एमाले, माओवादी र राप्रपासँग पर्याप्त मत छ । तर, सत्ता गठबन्धनमा रहेको ३ वटै दलले प्रदेश सरकारको नेतृत्वमा दावी गर्दा सरकार गठनमा सकस परिरहेको छ । प्रदेशमा ३ वटै दलले सरकारको नेतृत्वमा दावी गरिरहेको भएपनि केन्द्रमा बागमती सरकारको नेतृत्व कुन दलले गर्ने भन्ने भागबण्डा टुंगिएको छैन । प्रदेशमा रहेका ३ वटै दलले आफूले सरकारको नेतृत्व पाउनुपर्ने अडान लिएपछि गठबन्धन बाहिर रहेको कांग्रेस र समाजवादीले पनि सरकार गठनको लागि कसरत थालेको हो ।

बागमती प्रदेशसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेससँग ३७ र समाजवादीसँग ७ सांसद छन्। १३ सिट रहेको राप्रपाको समर्थन पाउँदा बागमती प्रदेशमा नयाँ समीकरणअनुसार सहजै सरकार बन्न सक्ने स्थिती छ । यी ३ दल मिल्दा ५७ हुन्छ । सरकार गठनको लागि ५६ सांसदको समर्थन आवश्यक पर्छ । राप्रपाले समर्थन गर्दा सरकार गठनको लागि आवश्यक मत पुग्ने हुँदा कांग्रेस र समाजवादीले राप्रपालाई मुख्यमन्त्री दिने भन्दै सरकार गठनको लागि नयाँ समीकरण बनाउन लविङ गरिरहेको स्रोतको दावी छ ।

संघीयता खारेजीको माग गर्दै आएको राप्रपा नयाँ समीकरण अनुसार बागमती प्रदेशमा सरकार गठनको लागि निर्णायक बनेको छ । सत्ता गठबन्धन र गठबन्धनबाहिर रहेको दुवैतिर सरकार गठनको लागि आफू निर्णायक बनेपछि प्रदेश संरचना खारेजीको माग गर्दै आएको राप्रपाले मुख्यमन्त्रीमा दावी गरिरहेको छ ।

नयाँ गठबन्धनमा सरकार गठनको लागि राप्रपा ४ वटा प्रदेशमा निर्णायक रहेको भन्दै बागमतीमा मुख्यमन्त्री आफूहरुले पाउनुपर्ने उसको दावी छ । प्रदेश संरचना खारेजीको माग गर्दै आएको राप्रपालाई सरकारको नेतृत्व गर्न दिने पक्षमा एमाले र माओवादी छैन । प्रदेश सरकारको नेतृत्व गरेर पाँच वर्षमा प्रदेश संरचना नै खारेज गर्ने बताइरहेको राप्रपालाई सरकारको नेतृत्व सुम्पिन नहुने एमाले र माओवादीको अडान छ । तर,४ वटा प्रदेशमा आफूहरु निर्णायक रहेकोले बागमतीको नेतृत्व गर्न पाउनुपर्ने राप्रपाको माग छ ।

सत्ता गठबन्धनमा भागबण्डाको विवाद चलिरहेको अवस्थामा कांग्रेसको नजर फरक सत्ता समीकरण निर्माणमा केन्द्रित भएको छ । केन्द्रमा सात प्रदेशको प्रमुख पद बाँडफाँटमा असन्तुष्ट, राप्रपासहित एकीकृत समाजवादीको साथ लिएर कांग्रेसले बागमती प्रदेशमा सरकार गठन गर्ने रणनीति बनाएको छ । सोही अनुसार कांग्रेसले राप्रपालाई प्रदेशको मुख्यमन्त्री बन्न अफर गरेको बुझिएको छ ।

कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'का अनुसार प्रदेश सरकार गठनबारे पार्टीले औपचारिक छलफल नगरेको तर अनौपचारिक रुपमा छलफल भएको बताइन् । उनले प्रदेशमा सरकार गठनका लागि कांग्रेसका सबै नेताले सक्रिय रुपमा भूमिका निर्वाह गरिरहेको उनको भनाइ छ । उनले केन्द्रको समीकरण अनुसार नै प्रदेशमा सरकार गठन गर्नु जरुरी नरहेकाले फरक समीकरणबाट पनि सरकार बनाउन कांग्रेस तयार रहेको बताइन् । बाँकी पृष्ठ-४...

# भीमफेदीमा धमाधम सुरुङ निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ भीमफेदीमा सुरुङमार्ग निर्माण हुने चर्चा वर्षौंदेखि चल्दै आइरहेको छ । तर, हालसम्म भीमफेदीमा सुरुङमार्ग निर्माण हुन सकेको थिएन् ।

निजी क्षेत्रको पूर्वाधार विकास कम्पनी (एनपिबिसिएल)ले भीमफेदी बजार नजिकबाट सिस्नेरी हुँदै काठमाडौं जोड्ने सुरुङमार्ग निर्माण गर्ने भन्दै स्थानीयको करिब ३१ करोड शेयर उठाए पनि उक्त योजना एकादेशको कथा जस्तै बनेको छ ।

पूर्वाधार विकास कम्पनीले भिडियोमा सुरुङमार्ग बनाएर जनताको आँखामा छारो हालेको केही वर्ष बित्न नपाउँदै तत्कालीन बागमती प्रदेश सरकारले पुन: भीमफेदीबाट कुलेखानीसम्म सुरुङमार्ग निर्माण गर्ने महत्वकांक्षी योजना अघि सारेको थियो । उक्त भीमफेदी-कुलेखानी सुरुङमार्ग योजना पनि हाल अलपत्र परेको छ ।

यसअघिका दुई वटा सुरुङमार्ग योजना कागजमै सीमित भए पनि अन्ततः भीमफेदीबाटै सुरुङमार्ग निर्माण भने भइरहेको छ । तर, भीमफेदी बजार नजिकबाट नभई मकवानपुरको ललितपुरसँग सीमाना पर्ने भीमफेदीको ८ नम्बर वडामा सुरुङमार्ग निर्माण भइरहेको हो ।



राष्ट्रिय गौरवको योजना काठमाडौं-निजगढ द्रुत मार्गअन्तर्गत भीमफेदी गाउँपालिका-८, स्थित बागमती पुल नकिज सुरुङ निर्माणको काम धमाधम भइरहेको छ । १२ मिटर चौडाइ तथा झण्डै साढे २ किलोमिटर लम्बाइको दुईतर्फी सुरुङ निर्माण भइरहेको सुरुङ खन्ने जिम्मा लिएको चाइजिन निर्माण कम्पनीलाई उदृत गर्दै भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले जानकारी दिए ।

अध्यक्ष लामाले निर्माणधीन सुरुङको स्थलगत अवलोकनसमेत गरेका छन् । नेपाली सेनाको नेतृत्वमा चाइनिज निर्माण कम्पनीले द्रुत गतिमा सुरुङ निर्माणको काम गरिरहेको जनाइएको छ ।

भीमफेदीमै पर्ने मकवानपुर र ललितपुरको सीमाना बागमती दोभानबाट द्रुत मार्गलाई मदन भण्डारी मार्गसँग जोड्न यसअघि बागमती प्रदेश सरकार र भीमफेदी गाउँपालिकाले पहलसमेत गरेको थियो । बागमती दोभानबाट नयाँ ट्र्याक निर्माण गरी इन्द्रसरोबर गाउँपालिकाको सिस्नेरीमा जोड्ने योजना थियो ।

# आज हेटौंडा भेट्रान्सको फाइनल

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ हेटौंडामा जारी आठौं राष्ट्रिय भेट्रान्स 'एट ए साइट' फुटलब प्रतियोगिताको फाइनल खेल आज शनिवार हुने भएको छ ।

फाइनल खेलमा उपाधिका लागि एबिसी पोखरा र बानेश्वर भेट्रान्स काठमाडौंले प्रतिस्पर्धा गर्ने भएका छन् । हेटौंडा-५ स्थित क्याम्पाडाँडा रंगशालामा शुक्रबार भएको सेमिफाइनल खेलमा बानेश्वर भेट्रान्सले सिमरा भेट्रान्स बारालाई ४-० गोलअन्तरले पराजित गर्दै फाइनलमा पुगेको हो ।

पोखराको एबीसी भेट्रान्सले टाइब्रेकरमा मनाङ मर्स्याङदीलाई ३-२ गोलअन्तरले पराजित गर्दै उपाधि नजिक पुगेको थियो । एबिसी भेट्रान्स र बानेश्वर भेट्रान्सले आज शनिवार क्याम्पा रंगशालामा उपाधि रक्षा लागि संघर्ष गर्ने छन् ।

प्रतियोगिताको विजेताले १ लाख ११ हजार १ सय ११ तथा उपविजेताले ५५ हजार ५ सय ५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ ।

सर्वोत्कृष्ट खेलाडीले १५ हजार, उत्कृष्ट फरवार्ड, डिफेन्स, मिडफिल्ड, गोलकिपर तथा प्रशिक्षकले जनही नगद ५ हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने आयोजक हेटौंडा भेट्रान्सका महासचिव कविन सांगामीले जानकारी दिए । प्रतियोगितामा १७ वटा टिमले सहभागिता जनाएका थिए ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बरः

९८४५०२७०६४/९८५५०६८०३८

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरूः

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google विज्ञान/प्रविधि

# टेक स्टार्टअपका लागि निराशाको वर्ष २०२२



प्रविधि क्षेत्रमा अनगन्ती अवसर र अविश्वसनीय उचाइ हासिल गरेका धेरै कम्पनीलाई वर्ष २०२२ ले बजारको अनिश्चितताको एउटा गतिलो पाठ पढाएर गएको छ । उदाहरणका लागि सन् २०२२ को पहिलो दिन बजार खुल्दा ३ खर्ब डलर कुल बजार मूल्य पुगेको एप्पलले वर्षको अन्त्यसम्म यो मूल्य ५ खर्ब डलर पुर्‍याउने अपेक्षा गरिएको थियो ।

तर विश्वव्यापी मन्दीलगायत कारणले बजार नै उल्टो दिशामा गएपछि एप्पलको कुल मूल्यमा झन्डै एक खर्ब डलरको कमी आएको अनुमान छ । एप्पल मात्रै नभएर प्रविधि क्षेत्रमा प्रगतिको पर्याय बनेका अमेजन, अल्फाबेट, माइक्रोसफ्ट, मेटालगायत सबैजसो कम्पनीको आकार गएको वर्ष खुम्चिएको देखिन्छ ।

'मान्छेहरू भविष्यवाणी गर्ने कुरामा साह्रै कमजोर छन्, अहिले जे भइरहेको छ, त्यो सधैं चलिरहन्छ भन्ठान्छन्,' कोलम्बिया बिजनेस स्कुलकी प्रोफेसर एन्जेला लीले सीएनएनसँगको अन्तर्वार्तामा भनेकी छन्, 'तर खासमा कोभिड महामारी एक अनपेक्षित ऐतिहासिक घटना थियो । यसभन्दा अगाडि बजार कसरी जान्छ भन्ने स्पष्टता हामी कसैमा थिएन ।'

सन् २०२० मा जब कोभिड महामारी सुरु भयो, घरबाटै अनलाइनमार्फत काम गर्न बाध्य करोडौं मानिसका कारण प्रविधि क्षेत्रका स्टार्टअपहरूमा लगानी र अवसर पनि ह्वात्तै बढ्यो । गएको महिना आफ्ना कर्मचारीहरूलाई लेखेको एक नोटमा मेटाका संस्थापक मार्क जुकरबर्गले भनेका छन्, 'धेरै जनाले बजारमा भएको यो अपूर्व वृद्धि स्थायी हो र कोभिडपछिको बजारमा पनि यो कायम रहन्छ भन्ने अनुमान गरेका थिए, मेरो पनि अनुमान त्यस्तै थियो । यहीअनुरूप मैले सो दिशामा ठूलो लगानी पनि गरेको थिएँ । तर दुर्भाग्यवश त्यसो हुन सकेन ।' जुकरबर्गको यो नोट आफ्ना ११ हजार कर्मचारी कटौती गर्ने घोषणा सुनाउने क्रममा आएको थियो ।

ठूला टेक कम्पनीहरूले गर्न थालेको कर्मचारी कटौतीको ट्रेन्ड हेर्दा पनि सिलिकन भ्यालीको छटपटी प्रस्ट देखिन्छ । मेटाको लगभग १३ प्रतिशत कर्मचारी कटौती गर्ने घोषणा जस्तै अनलाइन भुक्तानीसम्बन्धीको स्ट्राइप कम्पनीका प्रमुख प्याट्रिक कोलिसनले आफ्नो कर्मचारी संख्यामा १४ प्रतिशतले कटौती गर्ने योजना सार्वजनिक गरिसकेका छन् । नोभेम्बर २२ मा आएको एचपीको ४ हजार देखि ६ हजार कर्मचारी कटौती, नोभेम्बर १६ मा सिस्कोले गरेको झन्डै ४ हजार कर्मचारी कटौती मात्रै नभएर नोभेम्बर १४ मा अमेजनको १० हजार (३ प्रतिशत), ट्वीटरको ३७ सय, अक्टोबरमा माइक्रोसफ्टको १ हजार, अगस्टमा स्न्यापले गरेको १२ सय कर्मचारी कटौतीले पनि प्रविधि स्टार्टअपहरूका लागि वर्ष २०२२ सोचेविपरीत भएको झलक दिन्छ ।

सेप्टेम्बरमा आयोजित वार्षिक एप्पल इभेन्टमा कम्पनीले सार्वजनिक गरेको पछिल्लो आइफोन यसका अघिल्ला संस्करण जस्तै भएको गुनासा आएका थिए । आफ्नो चामत्कारिक र नवीनतम नयाँ उत्पादनका लागि प्रख्यात एप्पलले सन् २०१६ मा एयरपड सार्वजनिक गरेयता त्यस्ता कुनै उल्लेख्य सफल उत्पादन ल्याउन सकेको छैन । पछिल्ला तथ्यांकले सन् २०२१ को तुलनामा आइफोनको व्यापारमा वर्ष २०२२ मा झन्डै १२ प्रतिशतले कमी आएको उल्लेख गरेका छन् । अक्टोबरमा प्रकाशित एक लेखमा वायर्ड म्यागजिनले एप्पललाई विज्ञापन कम्पनीमा परिणत भएको भनेको छ । 'एप्पल इज एन एड कम्पनी नाउ' शीर्षकको समाचारमा भनिएको छ, 'एप्पल प्रयोगकर्ताले यसका सेवाहरूमा अझै विज्ञापन देख्नेछन् र गुगल र मेटाजस्ता विज्ञापनमूलक कम्पनीसँग एप्पल थप प्रत्यक्ष प्रतिस्पर्धामा उत्रिनेछ ।'

सन् २०१७ मा डिजिटल विज्ञापनको ५४.७ प्रतिशत हिस्सा ओगटेका गुगल र मेटाले वर्ष २०२२ मा ४८.४ प्रतिशत बजार हिस्सा मात्रै पाएको प्रक्षेपण छ । यो भनेको सन् २०१४ यता पहिलो पटक यी दुई कम्पनीले पाएको ५० प्रतिशतभन्दा कम हिस्सा हो । यसको कारण एप्पल, माइक्रोसफ्ट, टिकटकलगायतले विज्ञापन बजारमा बढाएको ध्यान हो, अप्रिल २०१९ मा सिजमेक खरिद गरेपछि आक्रामक रूपमा डिजिटल विज्ञापन बजारमा आएको अमेजनले २०२४ सम्ममा अमेरिकी डिजिटल विज्ञापन बजार हिस्सा पाउने अनुमान छ । ऐतिहासिक रूपमा नवीनतम प्रविधि र उत्पादनका लागि चर्चित कम्पनीहरूको ध्यान विज्ञापन र स्ट्रिमिङ सेवातिर मोडिनुलाई सुस्ताउन थालेको प्रविधि बजारका रूपमा पनि बुझ्न सकिन्छ । एमआईटी स्लोन स्कुल अफ म्यानेजमेन्टका माइकल कुसुमानो यो तथ्यमा सहमत हुँदै भन्छन्, 'एप्पल र अमेजनको यो पछिल्लो कदम गुगल र मेटाले लिएको बजार हिस्सा घटाउनेतिर लक्षित छ ।'

वर्ष २०२२ मा प्रविधि क्षेत्रको प्रतिनिधि घटना बनेको टेक धनाढ्य इलन मस्कको ट्वीटर खरिद वर्षको अन्त्यसम्ममा लापर बाही धनाढ्य सनकको उदाहरण बनेको छ । झन्डै २७० बिलियन डलर कुल मूल्यबाट आफ्नो वर्ष २०२२ सुरु गरेका मस्कको कुल मूल्यमा वर्षको अन्त्यसम्ममा झन्डै १ सय अर्ब डलरले कमी आएको छ । ४४ अर्ब डलरको महँगो मूल्यमा ट्वीटर खरीद गरेर भएको हल्लाखल्लालाई सफलतामा परिणत गर्न असफल मस्कको कदमको परिणाम उनको अर्को कम्पनी टेस्लामा पनि परेको अनुमान छ, जसको सेयर मूल्यमा ५२ प्रतिशतले कमी आएको अनुमान छ । मस्कसमेतका अमेरिकी धनाढ्यले यो वर्ष झन्डै ६ सय अर्ब गुमाएको अनुमान छ र यसमा अमेजनका जेफ बेजोजको ८० अर्ब डलर, मेटाका मार्क जुकरबर्गको ७८ अर्ब डलर, गुगलका ल्यारी पेजको ४० अर्ब डलरलगायत छन् । टेक धनाढ्यहरूको खुम्चिएको राशि वर्ष २०२२ को प्रमुख पक्ष बन्यो ।

वर्ष २०२२ स्ट्रिमिङ कम्पनीहरूका लागि पनि खराब रह्यो । वर्षको अन्त्यसम्म आइपुग्दा डिज्नी र वार्नर ब्रोज ५२ साताायताको सबैभन्दा कमजोर स्थितिमा पुगे (क्रमश: ६० प्रतिशत र ४५ प्रतिशत सेयर गिरावट) भने नेटफि्लक्सलगायत कम्पनीको पनि संघर्ष यो वर्ष जारी रह्यो । वर्षको पहिलो चौमासिक प्रतिवेदनमा गएको एक दशकयता पहिलो पटक सब्स्क्राइबर संख्यामा गिरावट आएको सार्वजनिक गरेको नेटफि्लक्सको सेयर मूल्यमा ३५ प्रतिशतले गिरावट आएको छ । जुलाईमा सार्वजनिक एक रिसर्च प्रतिवेदनमा झन्डै १९ प्रतिशत प्रयोगकर्ताले नेटफि्लक्सलगायत अन्य प्रिमियम सब्स्क्रिप्सन हटाएको बताएका थिए ।

यीसँगै २०२२ एफटीएक्स र क्रिप्टो क्र्यासको वर्षका रूपमा रह्यो । संसारकै ठूलो क्रिप्टोकरेन्सी प्लाटफर्म एफटीएक्समा उजागर भएको अर्बौं डलर घोटाला र प्रमुख क्रिप्टो मुद्रा बिटक्वाइनको मूल्यमा भएको ६५ प्रतिशत गिरावटले क्रिप्टो बजारको कठिनता झल्काउँछन् । निराशाकै शृंखला थप्ने अर्को क्षेत्र थियो, मेटाभर्स । मेटा (फेसबुक) को हराइजन वर्ल्ड (मेटाभर्स) मा सन् २०२२ मा झन्डै ५ लाख मासिक सक्रिय प्रयोगकर्ता रहने प्रक्षेपण गरिएको थियो । तर मेटाले नै पछि उक्त संख्या संशोधन गरी २ लाख ८० हजारमा झार्‍यो । वालस्ट्रिट जर्नलका अनुसार मेटाभर्सको खास संख्या त्योभन्दा निकै कम छ । मेटाका आफ्नै कर्मचारीले समेत मेटाभर्स प्रयोग नगरेकामा सो प्लेटफर्मका उपाध्यक्ष विशाल शाहले आफ्ना कर्मचारीहरूलाई लेखेको एक मेमोमा भनेका छन्, 'हामी आफैंलाई यो मन परेको छैन भने प्रयोगकर्ताहरूले यो मन पराउने आशा हामी कसरी गर्न सक्छौं ?'

यीसँगै निकै हल्लाखल्लाका साथ अघि सारिएका कन्जरभेटिभ समूहका सामाजिक सञ्जालहरूले पनि वर्ष २०२२ मा आफ्नो छाप छाड्न असफल रहे । उदाहरणका लागि पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सामाजिक सञ्जाल ट्रुथ सोसलमा झन्डै १५ लाख मात्रै सक्रिय प्रयोगकर्ता रहेको अनुमान छ । ग्याब, गेटर, पार्लर जस्ता अन्य फरक धारका भनिएको सामाजिक सञ्जाल पनि पूर्णतया असफल रहे ।

इलन मस्कको निराशाजनक ट्वीटर उलटफेर र कुल मूल्यमा अर्बौं डलरको गिरावटदेखि प्रविधि क्षेत्रका एक लाख ५२ हजार भन्दा बढी कर्मचारीले रोजगारी गुमाउनु, अर्बौं डलरले घटेको एप्पलको कुल बजार मूल्य र झन्डै ५० प्रतिशतले घटेको अमेजनको सेयर मूल्यदेखि निजी प्रविधि स्टार्टअपहरूको कमाइमा भएको ३०-८५ प्रतिशत कमीलगायत सबैजसो सिलिकन भ्याली धनाढ्यहरूको सुस्ताएको उत्साह- सन् २०२२ ले प्रविधि क्षेत्रमा छाडेको छाप हो । तसर्थ वर्ष २०२३ सुरु हुँदै गर्दा गएको सालले प्रविधि र टेक स्टार्टअप क्षेत्रलाई एक गतिलो पाठ सिकाएको विज्ञहरूले औंल्याइरहेका छन् । सन् २०१० यता सबैभन्दा मूल्यवान्, शक्तिशाली, र द्रुत गतिमा अघि बढेका टेक कम्पनी अहिले रोकिएका छन् । झन्डै एक दशकदेखि बजार र लगानीकर्ताको आकर्षणको केन्द्र रहेका यी कम्पनीले आफ्नो प्रभुत्वका लागि वर्ष २०२३ मा अझै कठिन संघर्ष गर्नुपर्ने प्रस्टै देखिन्छ ।

*-एजेन्सी*

स्वास्थ्य/जीवनशैली

# यौन इच्छा नहुँदा के गर्ने ?

दम्पतीबीच शारीरिक सम्पर्क बन्द भएपछि उनीहरूबीचको सम्बन्ध पनि खटपट सुरु हुन्छ भन्ने मान्यता राख्नेहरू धेरै छन् । जवानी छँदै दम्पतीबीच सहवास नहुनु भनेको निश्चय पनि राम्रो होइन । सहवास नहुँदा मनमुटाव बढ्छ, अविश्वास पैदा हुन्छ र अन्तिममा दाम्पत्य जीवन नै टुंगिन बेर लाग्दैन । सहवासले दम्पतीमा एकअर्काप्रति विश्वास बढाउँछ र सम्बन्धलाई बलियो र दिगो बनाउँछ ।

महिला वा पुरुषमा उत्पन्न हुने सहवास प्रतिको अरुचिले सम्बन्धमा खटपट ल्याउने खतरा हुन्छ । महिलाहरू गर्भवती भइसकेपछि आृनो पार्टनरलाई आफूले यौन सन्तुष्टि दिन नसक्ने र पार्टनरको मन बिच्किन सक्ने भन्दै निकै चिन्तामा हुन्छन् । यो तनाव र चिन्ताले उनीहरूलाई यौन सम्पर्कका लागि झनै असमर्थ बनाउँछ । त्यसैले यस्तो तनावबाट मुक्त हुनु सफल यौन जीवनको एक महत्वपूर्ण विषय हो, जसबाट गर्भावस्थामा समेत महिलामा सहवासका लागि समता वृद्धि हुन्छ र पुरुष पार्टनरको यौन सन्तुष्टिमा प्राप्त गर्छन् ।

बच्चाको जन्म भइसकेपछि श्रीमान-श्रीमतीको यौन सुखमा केही असर पर्न सक्छ । श्रीमती बच्चाको हेरचाहमा व्यस्त तथा थकित बन्नुपर्ने र पुरुषसमेत घरव्यवहारमा बढी सामेल हुनुपर्ने भएकाले यौनिक सन्तुष्टिको विषय प्राथमिकतामा नपर्न सक्छ । तर, यस्तो अवस्थामा समेत दम्पतीहरूले आृनो यौनजीवनमा ऊर्जा भर्न सक्छन् । त्यसको लागि केही समय बच्चाबच्चीलाई अभिभावक, केयर सेन्टर वा आृना साथीहरूकोमा पठाएर दुईजना मात्रै कुनै नयाँ ठाउँमा घुम्न निस्कने वा बचेको समयलाई यौनिक सुखका लागि भरपूर उपयोग गर्नु हितकर हुन्छ ।

महिलाहरू आमा बनिसकेपछि यौनिक सुखका विषयमा आत्मविश्वास गुमाउँदै जानेमात्र होइन, आफ्ना पतिप्रति पनि बढी नै शंकालु बन्ने गर्छन् । पुरुषहरू पनि श्रीमतीलाई घरधन्दा सबै सुम्पिएर एक्लै रमाउने प्रवृत्ति बढाउँछन् र उनीहरूले श्रीमतीले आफूलाई समय नै नदिएको भनी गनगनसमेत सुरु गर्छन् । यस्तो अवस्थामा दम्पतीबीच मनमुटाव सुरु हुन बेर लाग्दैन । त्यसैले बच्चाको हेरचाह र घरधन्दाको काम एक्लैले नगरी आृनो श्रीमान्लाई समेत त्यसमा लगाउने र बाँडीचुँडी घरधन्दा गर्ने गरेमा प्रभावकारी बुझाइको विकास हुनेमात्र होइन, समयको बचत हुने र बचेको समयलाई दम्पतीले चाहे अनुसारको काममा लगाउन सक्छन् ।

आमा बनिसकेपछि महिलामा आृनो सौन्दर्यको विषयलाई लिएर हीनताबोध बढ्दै जाने, यौनमा अरुचि बढ्ने तथा यौन सम्पर्क र यौनिक सुखका विषयमा विश्वास घट्दै जानेजस्ता समस्या देखापर्छन् । यसले महिलाको पारिवारिक तथा यौन जीवनमा असर त पर्छ नै उनको पार्टनर वा श्रीमानको हकमा समेत नकारात्मक असर पार्दै जान्छ र अन्तत: त्यसले पारिवारिक विखण्डनको अवस्थासमेत निम्त्याउन सक्छ । तसर्थ, दाम्पत्य सम्बन्धको मुख्य कडीको रूपमा रहेको सहवास वा यौनिक सुखको विषयलाई सदाबहार बनाउन श्रीमान-श्रीमतीबीच आपसी समझदारी हुनुपर्छ ।

साहित्य

# फाइल नम्बर ४२०



**मिमबहादुर परियार**

सरकारको घर जाँदा
गेटमा लेखिएको थियो
यहाँ जुकाले जस्तै रगत चुस्न दिनुपर्छ
तयार भए सेवा पाइन्छ नभए झटारो।

दुई/चार वटा फाइल तलमाथि सार्छन्
कसैले नदेखिने गरी बार बार्छन्
ठाउँको ठाउँ नयाँ बार तोक्छन्
बेस्सरी खोक्छन्
फोन समाउँछन्, इसारा गर्छन्
अन्तिममा मिलेन भन्छन्।

आजित बनाउँछन्
विरक्त बनाएर किनारमा ल्याउँछन्
थप्नुपर्छ, पुगेन, भाग मिलेन सुनाउँछन्।

स्थायी सरकार
जसको आयु धेरै लामो छ
दिनहुँ ठोकिनुपर्ने बाध्यता छ
ऊ कहिल्यै अघाउँदैन
दिनहुँ खाइरहन्छ
विभिन्न आहार परिकारहरू।

विचरा नागरिक
कनिकनी कर तिर्छ
छाक कटाएर सरकारको जेठो छोरा पाल्छ
सरकार आउँदा घण्टौं जाममा पर्छ
एम्बुलेन्स दमलकका चीत्कार
आँसुका भेलमा सेता काला चिल्ला कारभित्र
सरकार तैरिरहन्छन्।

जब ऊ सोध्छ
हजुर भएन भन्छ, मलिन आवजमा
प्रतिउत्तरमा उसका फाइल फालिन्छन्
सारिन्छन्, चर्को आवजमा, कमिसनका
नाममा।

निरीह नागरिक
कठै नागरिक
शुल्क तिरेबापत ठगिन्छ
नियमसंगत हिँड्दा रोकिन्छ
सरकार पालेबापत पेलिन्छ छेकिन्छ।

विचरा नागरिक
ती सेता घर
घरभित्रका साहबहरू
सूर्यका किरणसँगै चल्छन्
घाम अस्ताउँदा निभ्छन्
फाइल बन्द नगर्दै
बिदा हुन्छन्
भोलि आउन, बिन्ती टर्क्याउन।


एक दिन, दुई दिन
हप्ता महिना धाउँदा धाउँदै
४२० चाल देख्छ
थाकेर ऊ यस्तै त हो भन्छ
कसम खान्छ, भक्कानिन्छ
छोराछोरीको कुम्लोकटुरी कसेर
परदेश पठाउँछ।

यहाँ यस्तै-यस्तै छ
भन्छ सुनाउँछ
ठाउँ-ठाउँमा हेर्छ देख्छ बुझ्छ
४२० को एकल राज
४४० को झट्का लाग्छ
चौताराको डिलमा लामा सुस्केरा हाल्छ
आफै मन बुझाउँछ
शुल्क तिरितिरी शिर निहुँराउनुपर्छ
पाले बापत पाप कमाउँछ।

लघुकथा

# भिड भित्रको एक्लो मान्छे





**निलकमल छेत्री**

पुर्ब सिक्किम राजधानी गान्तोकमा रहेको एक टुक्रा मुटु अर्थात एस टी एन एम अस्पताल अहिले तपुरानो अस्पताल भनेर जान्ने गर्छौं हामि । आज भोलि त्यो एउटा चौतरा पनि भएको छ । हुन् त त्यहाँ पहिले पनि बस्ने कुर्सीहरू थियो फरक यति हो पहिले मानिसहरु बिराम्री पर्खेर बस्थे भने आज रमिता हेर्नालाई बस्छन । रमिताको कुरा गर्नुपर्दा म पनि पर एजस्तो त्यहाँ बस्नेगर्थे अनि प्रतेक समय ती भिडभित्र म एक्लो भएर हजारौको भिडभित्र सबै एक्लो भएको दृश्यलाई आव्लोक्न गर्नुको आनन्द सायद मलाई मात्र थाह थियो । त्यो हजारौं मानिसहरुको हल चलमा सबै एक्लो हुन्छ सबै आृनै कामका लागि हिडीरहेका हुन्छन कोहि रमाएर हिडेका होलान ? कोही दु:ख पर र हिडेका होलान ? कोही सफलताको खुसीमा मग्न भएर हिडेका होलान ? कोहि हारको पोखरीमा डुबेर हिडीरहेका होलान ?

सन, २०१६ देखि प्रतेक बिहान आृनो कार्यलय जादाँ प्राएज्सो म त्यो कुर्सीमा आएर बस्छु अनि ती दृश्य हेर्छु किन हो कोनि मलाई आनन्द लाग्छ । यो सिलसिला चलीरह्यो यसर नै बर्ष २०१७लको पनि आगमन भयो अनि म भने सधै त्यसरीनै त्याँ बस्थे तर यो बर्ष अलिक फरक थियो कारण त्यो कुर्सि मध्हे एउटा कुर्शी चै एकजाना मान्छेको थियो सायद यतिबेला पाठकहरुले यो सोच्नु हुदै होला हन त्यो बाटोमा राखेको कुर्शी पनि आृनो र अर्काको हुछ र ? मलाई पनि यस्तै भएको थियो म एक दिन सधै झैं त्यो कुर्शीमा बसिरहेको थिए पछाडीबाट एउटा आवज आयो भाइ यो मेरो बस्ने कुर्शी हो म सधै यसमा बस्ने गर्छु, तपाई पल्लो कुर्शीमा सरीदिनु हुने ? मैले यसो अर्को कुर्शीपट्टि हेरें तब सम्म त्यो कुर्शी पनि खालि भइसकेको रहेछ अनि म केहि नभनी सरे ।

फेरी पाठकबर्गलाइ २०१७मा लान् चहान्छु सधै झैं म त्यो कुर्शीमा बसेर रमिता हेरि रहेको बेला त्याँ एउटा ब्याक्ति सधै त्यो कुर्शीमा आएर बस्थ्यो उसको आव भाव कपडा लगाईले उनलाई एउटा लामाको पहिचान थियो एउटा कम्बल बोकेका हुन्थे अनि साना तिना कपडाको टुक्रा त्यही ओछ्येर बस्थे कहिले काही चुप-चाप बस्ने गर्थे कहिले एक्लै बर-बर गर्थे के भन्थे त्यो प्रस्ट बुझिन् थियो ।

मैले धेरै पटक उनलाई सोध्ने जमर्को गरे तर कहिले सफल भ्हींन । मेरो मनमा खटकि रहेको प्रश्न मानिसहरु सान्ति खोज्न धर्मसंग अथवा कुनैसंस्था संग जोडिन जान्छन तर यी व्याक्ति त अघिबाटनै एउटा लामाको रुपमा छन जसले बौध्ह धर्मको सिक्ष्य लिदैछन फेरी कसरी यस्तो अवस्तामा आए होला । उनको परिवार कहाँ होला ? उनको पनि सपना थियो होला, जीवनलाई सरल तरिकाले बाच्ने चाहाना होला फेरी के कारणले गर्दा मानसिक सन्तुलन गुमाउनु पर्यो होला, यसरी भिड भित्रको मान्छे भएर बाच्नु कति कठिन हुन्छ होला सायद उनलाई मात्र थाह होला, मैले धेरै पटक सोध्न खोजे तर छेउमा पुगे पछि मलाई डर लागेर आउथ्यो थाह छैन् मलाई किन डर लागेको हो आखिर उनि पनि हामि जस्तै मान्छे त हुन् ।

यसरीनै समय बित्दै गयो त्यसपछि धेरै पटक मैले त्यो लामालाई त्यहाँ देखे उनिसंग मेरो अन्तिम पटक २५जुन २०१९ मा भेट भयो त्यस दिन उनले मलाई भनेका थिए भाइ अर्को कुर्शीमा बसिदिनुहोस् न । मैले कुनै जवाब दिन सकिन त्यसपछि आज भोलि पनि म त्यहाँ जान्छु तर त्यो भिड भित्रको एक्लो मान्छेलाई भेटेको छुइन कहाँ गए होलान ती भिड भित्रको एक्लो मान्छे ।

# घाम



**आदित्य चौलागाई**

कक्षा : ५, नवोदय शिशु सदन

मेरो प्यारो घाम
गर्छु दिनमा काम
घाम लाग्दा हुन्छ घमाइलो
जतातै देख्छु रमाइलो

घाम लाग्दा टलक्क
हुन्छ सबैतिर झलक्क
आकासको ज्योति धर्तीमा
शीतका थोपा टल्कन्छ मनमा

छरी आउँछ घाम
सबैतिर उज्यालो
जाडोमा यो अमृत हो
पार्छ सबलाई न्यानो
आदित्य चौलागाईं
कक्षा ५, नवोदय शिशु सदन

# घाम छाया



**आरभ बस्नेत**

कक्षा : ५, नवोदय शिशु सदन

कति राम्रो घाम कति राम्रो छाया
सबैभन्दा राम्रो उनीहरुको माया
खोला वारि अनि खोला पारि तर्छन्
दुवै मिलि पहाडतिर लुकामारी गर्छन्

घाम अनि छाया मिलि रङ भर्छन्
आफ्नो रुपदेखि आफैं दङ्ग पर्छन्
आकासकी चेलो धर्तीकी चेली
आहा ! भन साथी यिनीहरु हेरी

# पासपोर्ट त बन्यो रे छिट्टै



**माहासागर**

तिमी शपथ खान्छौ
पासपोर्ट छिटो बनाउन।

जनता महंगी खान्छन्
भोक ढिलो लगाउन।

तिमी कुर्सी पाउँछौ
जाँगरहरू अन्तै पठाउन।

जनता रोग पाल्छन्
भएको छानो जोगाउन।

तिमी सपना ओकल्छौ
हाम्रा बिपनालाई तर्साउन।

जनता अन्याय सहन्छन्
तिम्रो शपथ जोगाउन।

पासपोर्ट त बन्यो रे छिट्टै
पठाइदेऊ सबै विदेश तुरून्तै।

# नेपाली चलचित्रमा डिजिटल प्रविधिले ल्याएको फाईदासँगै जोखिम



✍मणिराज गौतम

नेपाली सिनेमामा डिजिटल प्रविधिले फड्को मारेको डेढ दशक नाघिसकेको छ । तर पनि सिनेकर्मीहरुले डिजिटल प्रविधिको भरपुर सदुपयोग गर्न सकिरहेका छैनन् । नयाँ प्रविधिको विकाससँगै भित्रिएको डिजिटल प्रविधिले चलचित्र निर्माण संख्यालाई ह्वात्तै बढाएको छ । तथापि चलचित्रको स्तर र मापन अझै पनि बामे सर्दै गरेको अवस्था देखिएको छ । डिजिटलको प्रविधिले घरघरमा धेरै निर्देशकहरु जन्मिए । कलाकारहरु पनि त्यत्तिकै जन्मिए । यो सँगै निर्माताहरु पनि थपिए । कोठाभित्रै सिनेमा बन्न थाले । यसले गर्दा सिनेमा निर्माणको संख्या गनिसाध्य रहेन । सिनेमाको संख्या बढेपनि समाजमा दर्शक माझ छाप छोड्न सफल चलचित्र भने निकै कम निर्माण भए ।

विदेशी चलचित्र हेरेर नक्कल गर्ने प्रवित्तिले नेपाली सिनेमा सोचे जस्तो व्यवसायिक बन्न सकेन । औंलामा गन्ने निर्माताहरु बाहेक अरुले गरेको लगानी बालुवामा पानी हाले सरह बन्न पुग्यो । जसले गर्दा धेरै निर्माताहरु यस क्षेत्रबाट पलायन हुदैं गए । डिजिटल प्रविधिले सिनेमा क्षेत्रलाई सहज र सरल बनाएको छ । यहाँसम्मकी अब त मोवाइल सेटबाट पनि सिनेमा बनाउने सहज भएको छ ।

हिजोका दिनमा काँधमा बोक्नुपर्ने भारिलो क्यामरा अहिले हातमा बोक्न सक्नेमा पोर्टेबल रुपमा परिणत भइसकेको छ । जसले गर्दा दिनानुदिन प्रविधिको विकासको फाइदा यस क्षेत्रको लागि बाँदरको हातमा नरिवल परेको जस्तो देखिन्छ । अहिले मोवाईल फोनबाटै छायाँकन देखि भिडियो सम्पादन तथा डिजिटल प्लेटफर्ममा सम्बन्धित भिडियो (फिल्म) रिलिजसम्म हुन्छ । यसले जुन ठाँउमा छौं त्यहि ठाँउबाट तत्काललै छोटा फिल्म तथा भिडियोहरु बनाउन बनाएर रिलिज गर्न पनि सजिलो भएको छ । यो फाइदा डिजिटलमय प्रविधिको भरपुर प्रयोग हो ।

सामान्य व्यक्तिले ठुलो लगानीमा चलचित्र बनाउन नसक्ने हुदाँ उसका लागि यो प्रविधि लाभदायक रहेको छ । तर यसले नकरात्मक असर पनि बनाएको छ । किनभने सस्तो प्रविधिले स्तरीय चलचित्र निर्माणमा भने ह्रास आएको छ । छिटोछरितो चलचित्र निर्माण हुने बाहानामा बिना गुणस्तरको चलचित्रहरु निर्माण भइरहदाँ यसले स्तरीय चलचित्र बनाउने निर्माता निर्देशकहरुलाई समेत असर परेको छ ।

डिजटल प्रविधिबाट पछिल्लो दशकमा केही राम्रो चलचित्रहरु तयार भएर प्रदर्शन भए । सो क्रम अहिले मौलाएको छ । जसले गर्दा नेपाली सिनेमा पनि डिजिटलमा केन्द्रित भईसकेको छ । डिजिटल प्रविधिसँगै यो माध्यमबाट बनेका राम्रा चलचित्रको पैसा पनि कमाउन सफल भएका छन् । यहाँसम्मकी फिल्म निर्माणसँगै रिलिज देखि हलमा टिकट बिक्रीमा पनि डिजिटल प्राविधिनै सार्थक भएको छ । हलमा लाईन नबसी घरमै रहेर डिजिटल माध्यमबाट टिकट काटेर फिल्म हेर्न सकिने भएको छ ।

सहज र विश्वासिलो प्रविधिको संज्ञा पाएको डिजिटल प्रविधिको विकासले घरैपिच्छे निर्माता निर्देशक जन्माउनु यो क्षेत्रका लागि विकासको बाहक सावित भयो । तथापि यो क्षेत्रको बारेमा नबुझी भित्रिएका निर्माता निर्देशकले नेपाली सिनेमाको गुणस्तरमा भने कुनै फाइदा पुऱ्याएको छ । जतिबेला देखी यो प्रविधि नेपालमा भित्रियो । त्यतिबेला देखिनै नेपाली सिनेमाको व्यवसायमा मन्दी आएको इतिहास छ । डिजिटल प्रविधिको विकासले नेपाली सिनेमाको दर्शकहरुको आँखालाई र सिलो र आकर्षक बनाएपछि पुरानो प्रविधिलाई नेपाली दर्शक र निर्माता निर्देशकहरुले चटक्कै छाडिदिए । पुरानो प्रविधि डिजिटलको तुलनामा निकै झन्झटिलो भएका कारण पनि सबै डिजिटलमा केन्द्रित भए । हिजो ५० लाखको हाराहारीमा बन्ने सिनेमा डिजिटल प्रविधिको विकाससँगै आज १० लाखमा पनि बन्ने गरेको छ ।


डेढ दशक अघिलाई नियाल्ने हो भने रिल प्रविधिमा निर्माण हुदाँ लगानी धेरै लाग्ने र खर्चिलोको कारण वर्षमा ३० देखी ३५ वटासम्म नेपाली चलचित्रहरु निर्माण हुने गर्थे । तर आज प्रविधिको विकासले वर्षमा एक सय भन्दा बढी संख्यामा व्यबसायिक चलचित्रहरु निर्माण भइरहेका छन् ।

जस कारण सिनेमाको प्रदर्शनमा होडबाजी चल्न थाल्यो । फलस्वरुप आपसमा नेपाली चलचित्रहरु जुध्न थाले । यसले विदेश चलचित्रलाई पृष्ठपोषण हुन थाल्यो । वार्षिक ५० वटा सिनेमाको भार क्षमता रहने नेपाली सिने बजारमा चलचित्र निर्माणमा बढोत्तरीले गर्दा चलचित्र रिलिज भएकै भोली पल्ट सिनेमा घरबाट उत्रनुपर्ने उदाहरणहरु हामीले खेपिसकेका छौं । प्रविधिको विकासले नेपाली सिनेमामा फाइदा ल्याए पनि उचित प्रयोग गर्न नजान्नु बिडम्वना मान्नु पर्छ । नेपालमै खिच्ने फोर के, सिक्स केबाट फिल्म खिच्ने क्यामेराले खिचेर बनाईएका बलिउड, हलिउडका चलचित्र निकै गुणस्तरीय थिए । त्यसको तुलनामा हामीले डिजिटल प्रविधिलाई पूर्ण उपयोग गर्न सकेको छैनौं । जसका कारण डिजिटल प्रविधिको उपयोग नेपाली सिनेमामा अझै पूर्ण गुणस्तरीय रुपमा हुन सकेको छैन ।

हिजो रिल प्रविधिमा बनाइने सिनेमा हेर्दा सानो पर्दामा तिरमिर धमिलो दृष्य हुन्थ्यो भने आज डिजिटिल प्रविधिमा बनेका सिनेमाहरु सफा र चहकिलो देखिन्छ । यो पनि डिजिटलको फाईदा हो । तथापि नेपाली सिनेमामा डिजिटल प्रविधिले प्रगति गरेकोलाई सकरात्मक रुपमा हेर्ने हो भने यसले आबस्यकता भन्दा बढी सँख्यामा सिनेमा जन्माएको छ । यो विकासले चलचित्रको स्तरलाई वृद्धि गराउनु भन्दा सँख्या बृद्धि गराएको छ । यसको मनपरी प्रयोगले भकारीमा धान त छ, तर भात खान अनिकाल छ भने जस्तै भएको छ । यो हिसाबले भन्नुपर्दा डिटिजलले चलचित्र निर्माणमा सहजता ल्याए पनि बजारमा प्रतिस्पर्धा बढाएको छ । चलचित्र निर्माण सँख्या बढ्नुले बजारबाट पैसा उठ्ने जोखिम बढेको छ ।

डिजिटलबाट सही र गुणस्तरीय सृजना गर्न नसक्नुलाई हामीले माल पाएर चाल नपाएको मान्नु पर्छ । यसर्थ डिजिटल प्रविधिले नेपाली चलचित्र निर्माणमा जति सहज भएको छ । जो कोहीले जस्तो पनि फिल्म बनाउने होड्ले कमसल फिल्मका कारण नेपाली चलचित्रबाट एकथरी दर्शक बिमुख हुने क्रम पनि त्यत्तिकै छ । त्यसकारण डेढ दशक अघि नेपालमा भित्रिएको डिजिटल प्रविधिलाई सहि ढङ्गबाट सहि तरिकाले प्रयोग गरेर त्यसमा फरक रचना प्रस्तुत गर्न हामी अग्रसर भयौं भने नेपाली सिनेमालाई डिजिटल प्रविधिले अझै धेरै उचाईमा पुऱ्याउनेमा दुई मत छैन ।

# दुई बिलियन डलरको बाटोमा 'अवतार २', बन्यो धेरै कमाउने १० औं फिल्म



काठमाडौं/हलमा प्रदर्शन सुरु भएको २२ दिनपछि हलिउडको साइन्स फिक्सन फिल्म 'अवतार : द वे अफ वाटर'ले विश्वभर १.५ बिलियन डलर कमाएको छ ।

यो कमाइसँगै फिल्मले टम क्रुज स्टारर 'टपगन : माभेरिक'लाई उछिनेको छ भने विश्व फिल्म इतिहासमा दशौं सर्वाधिक कमाउने फिल्मको कीर्तिमान समेत रचेको छ । नेपालमा भने बिहीबार सम्म साढे ८ करोड रुपैयाँ कमाइ रहेको एप्पल इन्टरटेनमेन्टले जनाएको छ ।

विश्व फिल्मका लागि यो एक उल्लेखनीय उपलब्धि हो, विशेषगरी पहिलो सप्ताहन्तमा अवतार २ को ओपनिङ हलिउडले आशा गरेभन्दा निकै उच्च । तर जेम्स क्यामरुनको 'अवतार' सिक्वेल व्यस्त छुट्टीको समयमा दर्शकका लागि वास्तविक छनोट बन्यो, जसले साइन्स फिक्सन फिल्मको महत्वलाई अझै उचाइमा लग्यो ।

अवतारको यो कमाइमा दोहोऱ्याएर हेर्ने दर्शक, आईम्याक्सको व्यापार र दर्शकको सकारात्मक समीक्षा प्रमुख तत्व बने । यसले भाइरस महामारीपछि समस्या खेपिरहेका सिनेमाघरलाई पनि पुनर्जीवन दियो ।

सन् २०१९ मा ट्वेन्टिथ सेन्चुरी फक्सबाट अधिकार खरिद गरेको डिज्नीले अवतार २ निर्माण गर्न ३५० मिलियन डलर खर्च गरेको छ । निर्देशक क्यामरुनका अनुसार फिल्मले लगानी उठाउन पनि फिल्मले दुई बिलियन डलर कमाउनैपर्छ । साथै, क्यामरुनले फिल्मका थप तीन सिक्वेल निर्माणको घोषणा गरिसकेका छन् ।

फिल्म वितरकबीच एक लोकप्रिय भनाइ छ कि तपाई पहिलो सप्ताहन्तको व्यापार हेरेर फिल्मको लाइफटाइम कलेक्सनलाई न्याय गर्न सक्नुहुन्न । यो उक्ति 'अवतार : द वे अफ वाटर' र यसको १३४ मिलियन डलरको ओपनिङलाई लिएर सत्य सावित भयो । यो फिल्मको पहिलो श्रृंखलाको लागि पनि समान रूपमा सही थियो, जसले सन् २००९ मा उत्तर अमेरिकामा ७७ मिलियन डलरको ओपनिङ गरेको थियो भने विश्वव्यापी रूपमा २.९ बिलियन डलरको साथ इतिहासमा सबैभन्दा धेरै कमाउने फिल्म बन्यो ।

पहिले नै क्रिसमस र नयाँवर्षको बीचको बिदाको कारण फिल्मले आकर्षक कमाइ गर्न सक्यो । यसको अर्थ फिल्मको नेभी पात्रलाई लिएर दर्शकको मनमा अझै प्रेम थियो । फिल्म पण्डितहरु विश्वास गर्छन् कि अवतारको दोस्रो सिक्वेलले स्थिर शक्ति प्रदर्शन गरेको छ भने न्यूनतम १.८२५ बिलियन डलर कमाउन सक्छ ।

कोरोना महामारीको समयमा लगभग असम्भव जस्तो मानिने दुई बिलियन डलरको आँकडाको नजिक कमाइ गर्नु आफैंमा ठूलै उपलब्धि हो । कोभिडकै समयमा रिलिज भएको तर चीनमा नलागेको सुपरहिरो फिल्म 'स्पाइडरम्यान नो वे होम'ले १.९ बिलियन डलर त कमायो तर दुई बिलियनको आँकडा पार गर्न सकेन ।

दुई बिलियन डलरको आँकडा पार गर्न यसले दुई ठूला फिल्म बजारहरु चीन र उत्तर अमेरिकामा मात्र राम्रो प्रदर्शन गरेर हुँदैन । बरु यसलाई विश्वभरका हरेक उमेर समूहका दर्शकमाझ जारी राख्न आवश्यक छ । यो अहिलेसम्म सफल हुन सकेको छ किनभने यो वास्तविक ब्लकबस्टर फिल्म हो जसले फिल्म हेर्न्ने पुरुष, महिला, युवा र वृद्ध सबैलाई अपील गरेको छ ।

अवतार २ लाई अर्को फाइदा भनेको आगामी पाँच साताका लागि अन्य ठूला फिल्मसँग प्रतिस्पर्धा गर्नुपर्ने छैन । डिज्नी र मार्बलको 'एन्ट-म्यान एण्ड द वास्प : क्वान्टुमानिया' आगामी फेब्रुअरी १७ मा थिएटरमा नआएसम्म हल सञ्चालकले 'द वे अफ वाटर'लाई हलबाट हटाउने सम्भावना कम छ । यदि 'द वे अफ वाटर' मायावी दुई बिलियन डलर क्लबमा सामेल हुन सफल भयो भने क्यामरुनका अन्य दुई फिल्म 'अवतार' र 'टाइटानिक' (२.२ बिलियन डलर)सहित इतिहासका सबैभन्दा धेरै कमाउने तीन फिल्ममध्ये बन्नेछ ।

# पब्जी विश्व च्याम्पियनसिप फाइनल सुरु, नेपालका दुई टिम खेल्दै




काठमाडौं/इस्पोर्टस्को मुख्य बिधा पब्जी मोबाइल विश्व च्याम्पियनसिपको फाइनल चरणका खेलहरु शुक्रबारदेखि सुरु भएका छन् । विभिन्न चरण पार गरी फाइनलमा छनोट भएका १६ टिमबीचको प्रतिस्पर्धाबाट आइतबार नयाँ विश्व विजेताको टुंगो लाग्नेछ ।

१० नोभेम्बर २०२२ मा मलेसियाको क्वालालम्पुरमा सुरु भएको यो प्रतियोगितामा समूह चरण, सर्भाइभल चरण र लास्ट चान्समार्फत फाइनल चरणका लागि टिम छनोट गरिएको हो । फाइनल चरणका खेलहरु नेपाली समयअनुसार साँझ पौने सात बजेदेखि सुरु हुनेछ ।

४० लाख अमेरिकी डलर कुल पुरस्कार राशी रहेको पब्जी मोबाइल विश्व च्याम्पियनसिपमा नेपालका तीनसहित ५१ टिमको सहभागिता थियो । उनीहरु आ-आफ्नो महादेशीय छनोट पार गरेर विश्व च्याम्पियनसिप खेल्न आएका हुन् ।

१० देखि २७ नोभेम्बर सम्म सञ्चालित समूह चरणमा ४८ टिमलाई समावेश गरिएको थियो । उनीहरुलाई तीन समूहमा विभाजन गर्दा हरेक समूहमा १६ टिम थिए । समूहमा शीर्ष ३ टिम सिधै फाइनलमा पुग्दा चौथोदेखि ११औं स्थानका टिमले सर्भाइभल चरण खेल्नुपर्ने भयो । बाँकी पाँच टिम समूहबाटै बाहिरिए ।

तीन समूहबाट ८-८ गरी २४ टिमबीच ३० नोभेम्बर देखि २ डिसेम्बरसम्म सर्भाइभल चरणमा प्रतिस्पर्धा भयो । तीमध्ये शीर्ष १६ टिम लास्ट चान्सका लागि छनोट हुँदा पुछारका ८ टिम बाहिरिए ।

लास्ट चान्सको प्रतिस्पर्धा ३ र ४ डिसेम्बरमा आयोजित थियो । यो चरणमा १६ टिम समावेश थिए । उनीहरुमध्येबाट शीर्ष पाँच टिमलाई फाइनल चरणमा प्रवेश गराइएको हो । सबै चरणका खेल मलेसियामा आयोजित थिए ।

तीन समूहका शीर्ष तीन गरी ९ टिम, लास्ट चान्सबाट आएका ५ र सिधा फाइनलमा आमन्त्रित दुई गरी १६ टिमबीच फाइनलमा प्रतिस्पर्धा हुन लागेको हो । चीनको वुल्भ्स इस्पोर्टस र इण्डोनेसियाको अल्टर इगो लिम्याक्सलाई सिधा फाइनलमा आमन्त्रण गरिएको हो । यी दुई टिम नै उपाधिको मुख्य दावेदार समेत हुन् ।

**नेपालबाट टीटूके र डीआरएस खेल्दै**

नेपाली टिमले विश्व च्याम्पियनसिप खेलेको यो तेस्रोपल्ट हो । यसअघि दुई पटक डीआरएस टिम समूह चरणमा पुगे पनि त्यसबाट माथि उक्लन सकेको थिएन । तर, यसपल्ट डीआरएससहित टीटूके र स्काइलाइट्सले समूह चरण पार गरे । टीटूकेले समूहमा शीर्ष तीनभित्र रहेर सिधै फाइनलमा स्थान बनायो । स्काइ लाइट्ज सर्भाइभल चरणबाट अघि बढ्न सकेन ।

टीटूके र डीआरएस भने फाइनल चरण खेल्दैछन् । एल्लो समूहमा परेको टीटूके समूहमा तेस्रो हुँदै सिधै फाइनल स्पर्धाका लागि छनोट भएको हो । यो पबजीमा नेपालकै सबैभन्दा ठूलो सफलता समेत हो । समूह चरणमा तेस्रो भएपछि उसले ८० हजार अमेरिकी डलर पुरस्कार पायो भने सहभागिता खर्चका रुपमा १० हजार अमेरिकी डलरसमेत पाएको थियो ।

समूहमा छैटौं भएपछि डीआरएस सिधा फाइनल चरणमा पुग्न सकेन । तर, सर्भाइभल चरणमा सातौं हुँदै लास्ट चान्समा चौथो स्थान हासिल गरेर फाइनलमा पुग्न सफल तयो । समूहमा छैटौं भएबापत २० हजार, सर्भाइभलमा सातौं भएपछि २० हजार र लास्ट चान्समा चौथो भएपछि २२ हजार डलर गरी उसले कुल ६२ हजार डलर पुरस्कार पाइसकेको छ । सहभागिता खर्चका रुपमा १० हजार डलर पनि पाएको थियो ।

अर्को नेपाली टिम स्काइ लाइट्ज समूहमा नवौं हुँदै सर्भाइभल चरणमा पुगेको थियो । तर, सर्भाइभल चरणमा रहेका २४ मध्ये २१औं भएपछि यो टिम विश्वकपबाट बाहिरियो । समूहमा नवौं भएबापत १७ हजार र सर्भाइभलमा २१औं हुँदा ६ हजार गरी २३ हजार अमेरिकी डलर पुरस्कार पायो । सहभागिता खर्चका रुपमा उसले पनि १० हजार अमेरिकी डलर पाएको थियो ।

फाइनल चरण खेल्ने टीटूके टिममा अभिषेक सिंह, सुयोग मुल्मी, वसन्त गौतम, सन्देश प्रधान र ऋग्देन बज्राचार्य छन् । यस्तै डीआरएस टिममा दीपेश गुरुङ, साहस भण्डारी, सुविनकुमार प्रजापति, समीर गुरुङ र संगीन भट्टराई छन् ।

शुक्रबारदेखि फाइनल चरणमा पुगेका १६ टिमबीच प्रतिस्पर्धा सुरु भएको छ । यो चरणमा हरेक टिमले १८ खेल खेल्नेछन् । हरेक खेलमा हासिल गरेको अंकका आधारमा सर्वाधिक अंक ल्याउने टिम विश्व च्याम्पियन बन्नेछ ।

४० लाख डलर कुल पुरस्कार राशीमध्ये फाइनल चरणका लागि १५ लाख डलर छुट्याइएको छ । त्यसबाहेक फाइनल खेल्ने टिमले सहभागिता खर्चका रुपमा प्रति टिम २० हजार अमेरिकी डलर पाउनेछन् ।

विश्व च्याम्पियन टिमले ४ लाख अमेरिकी डलर पुरस्कार पाउनेछन् । पहिलोदेखि १६औं स्थानसम्मका टिमलाई नगद पुरस्कार पाउने व्यवस्था छ । उपविजेताले २ लाख, तेस्रो हुनेले १ लाख २० हजार डलर पुरस्कार पाउनेछन् । फाइनल चरणमा अन्तिम अर्थात् १६औं हुने टिमले पनि १५ हजार अमेरिकी डलर पुरस्कार पाउँछन् ।

चौथो हुने टिमले ८० हजार, पाँचौं हुनेले ५० हजार, छैटौं हुनेले ५० हजार, सातौं हुनेले ४२ हजार, आठौं हुनेले ३५ हजार, नवौं हुनेले ३२ हजार ५ सय र दशौं हुनेले ३० हजार अमेरिकी डलर पुरस्कार पाउनेछन् ।

११औंदेखि १६औं स्थानका टिमले क्रमसः २७ हजार ५००, २५ हजार, २२ हजार ५००, २० हजार, १७ हजार ५०० र १५ हजार अमेरिकी डलर पुरस्कार पाउनेछन् । *(स्रोत: अनलाइखबर)*

# आइतबारदेखि सातै प्रदेशबाट श्रम स्वीकृति




काठमाडौं/श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले काठमाडौंबाट मात्रै प्रदान गर्दै आएको संस्थागत र व्यक्तिगत श्रम स्वीकृति सेवा सातवटै प्रदेशस्तरबाट प्रदान गर्ने भएको छ । यसै सिलसिलामा श्रम तथा रोजगार कार्यालय विराटनगर र जनकपुरबाट पनि आगामी आइतबारदेखि संस्थागत र व्यक्तिगत श्रम स्वीकृति प्रदान हुने मन्त्रालयले जनाएको छ ।

यसअघि पुन: श्रम स्वीकृति मात्रै हुँदै आएका यी कार्यालयबाट यही पुस २४ गतेदेखि संस्थागत र व्यक्तिगत श्रम स्वीकृति पनि प्रदान हुने श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालले जानकारी दिए । उनका अनुसार वैदेशिक रोजगार कार्यालय पोखरा र बुटवलबाट केही समय अघिदेखि नै संस्थागत, व्यक्तिगत र पुन: श्रम स्वीकृति सेवा प्रदान हुँदै आएको छ ।

श्रम तथा रोजगार कार्यालय सुर्खेत र कैलालीको धनगढीबाट पनि पुन: श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृति प्रदान हुन थालेको छ । आगामी आइतबार देखि विराटनगर र जनकपुरमा रहेका श्रम तथा रोजगार कार्यालयबाट समेत सबै किसिमका श्रम स्वीकृति पाइने व्यवस्था हुने भएको सहसचिव तथा प्रवक्ता डण्डुराज घिमिरेले बताए । उनका अनुसार योसँगै अब सातै प्रदेशबाट सबैखाले श्रम स्वीकृति लिन सकिने व्यवस्था भएको छ ।

मन्त्रालयले एक प्रेस विज्ञप्ति प्रकाशित गरी श्रम स्वीकृति लिनका लागि भौतिक रुपमा कार्यालयमै उपस्थित हुनुपर्ने र विभिन्न झन्झट हुने समस्यालाई हटाउँदै अनलाइनमार्फत नै सबैखाले श्रम स्वीकृति लिन सकिने व्यवस्था भएको जनाउँदै श्रम कार्यालय विराटनगर र जनकपुरबाटसमेत सहज रुपमा सेवा लिन अनुरोध गरेको छ ।

कम्प्युटर प्रणालीबाट नै निर्धारण हुने मिति र समयका आधारमा स्वीकृति प्रदान गर्ने प्रणाली भएकाले समयमै आवेदन नदिने र अन्तिम समयमा श्रम स्वीकृति लिन खोज्दा समस्या हुँदै आएको छ । त्यसैले श्रम स्वीकृतिका लागि समयमा नै अनलाइन आवेदन दिएर बिना झन्झट सेवा लिन मन्त्रालयद्वारा प्रकाशित उक्त विज्ञप्तिमा उल्लेख गरिएको छ । पछिल्लो समय श्रम मन्त्रालय र यस मातहतका निकायबाट प्रदान हुने सेवालाई छिटो र सरल रुपमा लिन मिल्ने गरी अनलाइन प्रणालीको विकास गरिएको जनाइएको छ ।

अनलाइनमार्फत नै नागरिकलाई सहज रुपमा सेवा प्रदान गर्न सफल भएकै कारण वैदेशिक रोजगार विभागले लिभिङ विथ आइसिटी नामक संस्थाबाट सर्वोत्कृष्ट पुरस्कारसमेत पाएको श्रम मन्त्रालयको उक्त प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ । साथै मन्त्रालयले उक्त विज्ञप्ति मार्फत आउँदा दिनमा समेत थप सुधारको प्रक्रिया अघि बढाउने जनाएको छ । *(अनलाइखबर)*

# रविको नागरिकता मुद्दामा सर्वोच्चले दिएन अन्तरिम आदेश

काठमाडौं/सर्वोच्च अदालतले उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेविरुद्ध आन्तरिम आदेश दिन अस्वीकार गरेको छ ।

तर रिटलाई अग्राधिकार दिएर लामिछानेको प्रतिनिधिसभा सदस्यमा निर्वाचित सांसद हुन योग्यता रहे नरहेको भन्ने विवादमा ११ माघ २०७९ गते पूर्ण सुनुवाइका लागि पेश गर्न आदेश दिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति समेत रहेका लामिछाने चितवन २ बाट निर्वाचित भएका छन् । अमेरिकी ग्रिनकार्ड त्यागेपछि लामिछानेले नेपाली नागरिकता पुन: कायम गर्ने प्रक्रिया नचालेको भन्दै लामिछानेविरुद्ध निर्वाचन आयोगमा उजुरी परेको थियो । आयोगले निर्णय नदिएपछि सर्वोच्चमा रिट पऱ्यो ।

प्रारम्भिक सुनुवाइका क्रममा अन्तरिम आदेश नदिएको संवैधानिक इजलासमा शुक्रबार दुबै पक्षले बहस गरेको थियो । रिट निवेदकको तर्फबाट बहस गरेका कानुन व्यवसायीहरुले लामिछानेको नेपाली नागरिकता कायम नभएको जिकिर गरेका थिए । सरकारी र लामिछानेका कानुन व्यवसायीहरुले भने अन्तरिम आदेश जारी हुन नहुने बताएका थिए ।

संवैधानिक इजलासले नागरिकता कायम रहे नरहेको र सांसद हुन योग्य भए नभएको विषयमा छिटो छरितो रुपमा सुनुवाइ गरेर निरुपर्ण गर्नुपर्ने निष्कर्ष निकालेको छ । आदेशमा भनिएको छ, अहिले सुविधा सन्तुलनको दृष्टिले हेर्दा अन्तरिम ओदश जारी गर्नु मनासिव देखिएन ।' यससँगै तत्कालका लागि रविको सांसद पद जोगिएको छ । तर पूर्ण सुनुवाइका लागि ११ माघको पेशी तोकेको छ । यो सुनुवाइ कुनै पक्षको अनुरोधमा नरोकिने संवैधानिक इजलासले प्रष्ट पारेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

"तपाईं, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनेछ ।
www.sajhakuranews.com

# राप्रपासँग मिलेर सरकार...

'प्रदेश सरकार गठनका विषयमा अनौपचारिक छलफलहरु भएका छन् । केन्द्रमा जस्तो समीकरण छ, प्रदेशमा पनि त्यस्तै हुनुपर्छ भन्ने जरुरी हुँदैन ।

प्रदेशमा फरक समीकरणबाट पनि सरकार बनाउन सकिन्छ,' उनले भनिन्, 'सत्ता समीकरण निर्माणमा प्रदेशले आफ्नो भूमिका निर्वाह गर्न सक्नु पर्छ । प्रदेशका दलहरुले केन्द्र अनुसार भन्दा पनि आफू अनुकुल समीकरण बनाओस् भन्ने हाम्रो कुरा हो ।' उनले केन्द्रमा एमाले, माओवादी केन्द्र र राप्रपाको समीकरणमा सरकार बनेको छ भन्दैमा प्रदेशमा पनि त्यही नै गर्नु पर्छ भन्ने अनिवार्य नरहेको बताइन् । बागमती प्रदेशमा कांग्रेस र एमाले अथवा कांग्रेस र माओवादी केन्द्र वा कांग्रेस, एकीकृत समाजवादी र राप्रपाको पनि सरकार बन्न सक्ने अवस्था रहेको उनको भनाइ छ ।

'प्रदेश सरकार गठनमा धेरै विकल्प छन् । त्यो विकल्पमा पनि प्रदेशका सांसदहरुले काम गर्नुपर्ने देखिन्छ,' उनले भनिन्, 'सोही अनुसार छलफल गर्नुपर्छ । हामी पनि त्यसै अनुसार प्रयासरत छौं । कांग्रेस अन्तिम समयसम्म पनि फरक समीकरण बनाउन पहल गर्ने पक्षमा छ,' उनले भनिन् । नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको नेता बहादुर सिंह लामाले प्रदेश सरकार गठनमा थुप्रै सम्भावना बाँकी रहेकाले प्रदेशको ठुलो दलको हैसियतले कांग्रेसले अन्तिम समयसम्म पहल गर्ने बताए ।

प्रदेशमा सरकार गठनका लागि कांग्रेसले सबै मार्ग खुला गरेर छलफल गरिरहेको उनको भनाइ छ । सरकार गठनका विषयमा केन्द्रको समीकरण आफ्नो ठाउँमा राखेर प्रदेश अनुकुल समीकरण बनाउन सकिने उनले बताए ।

'यस प्रदेशमा माओवादी केन्द्र र कांग्रेस वा कांग्रेस र एमालेको गठबन्धनमा सहजै सरकार बन्न सक्छ भने कांग्रेस, राप्रपा र अन्य साना दलहरूसँगको गठबन्धनमा पनि सरकार बन्न सक्ने अवस्था छ,' उनले भने, 'केन्द्र कै समीकरण हुनुपर्छ भन्ने छैन । केन्द्रको समीकरण केन्द्रमा र प्रदेशको प्रदेशमै बनाउन सकिन्छ ।' यता बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री एवम् नेकपा एकीकृत समाजवादीका पोलिटव्यूरो सदस्य कृष्णप्रसाद शर्मा खनाल पनि प्रदेशस्तरको छलफलबाट सरकार गठन गर्नुपर्ने बताउँछन् । उनले प्रदेश सरकार गठनबारे केन्द्र र प्रदेशमा पनि केही छलफल भएको बताए ।

'सरकार गठनबारे हामीले केन्द्रदेखि प्रदेशमा पनि त्यस विषयमा छलफल गरेका छौं । केन्द्र कै समीकरणमा सरकार बन्ने अवस्था प्रवल छ । तर केन्द्रकै अनुसार हुनुपर्छ भन्ने छैन,' उनले भने, 'परिस्थिति अनुसारको निर्णय प्रदेशमा हुन्छ । उक्त परिस्थितिमा सत्ता समीकरण फरक पनि बन्न सक्छ ।'

राप्रपा बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापा प्रदेशसभामा आफूहरुको उपस्थितीलाई जसले महशुस गर्छ उसैलाई समर्थन गर्ने बताउँछन् । राप्रपा संसदीय दलका नेता थापा कांग्रेस प्रवक्ता प्रकाशरण महत र कांग्रेस नेता मोहन बस्नेतसँग आफ्नो कुरा भएको बताउँछन् । महत र बस्नेतले राप्रपाको नेतृत्वमा बागमती प्रदेशमा सरकार गठन गर्न आफूलाई प्रस्ताव गरेको उनको दावी छ । थापाले नेकपा एकीकृत समाजवादीको उपाध्यक्षसमेत रहेका बागमतीको काम चलाउ सरकारको मुख्यमन्त्री राजेन्द्र पाण्डेले पनि राप्रपाको नेतृत्वमा कांग्रेस र समाजवादी मिलेर सरकार बनाउन प्रस्ताव गरेको बताए ।

'प्रदेशको साढे दुई वर्षको पहिलो आधा कार्यकाल राप्रपा र बाँकीको आधा कार्यकाल कांग्रेसले सरकारको नेतृत्व गर्नेगरि उहाँहरुले प्रस्ताव गर्नुभएको छ', थापाले भने 'उहाँहरुले हाम्रो १३ जना सांसदलाई नै सेटल गरौला भन्नु भएको छ । तर, हामी पार्टी केन्द्र निर्णयबिना प्रदेशमा छुट्टै समीकरण बनाउन नसक्ने भएकोले माथिको ग्रिन सिग्नल कुरिरहेका छौ ।'

थापाले केन्द्रमा राप्रपाले अर्कै संयत्रमा बनेको सरकारलाई समर्थनको वाचा दिएकोले प्रदेशमा आफूहरुले आफै निर्णय गर्न नसक्ने बताए । उनले एमालेको नेतृत्वमा रहेको गठबन्धनबाट बागमती प्रदेशको नेतृत्व आफूहरुले पाए पुरा कार्यकालको लागि पाउनुपर्ने समेत बताए । ७ प्रदेशमध्ये ४ वटामा आफूहरु निर्णायक रहेकोले बागमती प्रदेशको पूरा कार्यकाल राप्रपाले नेतृत्व गर्न पाउनुपर्ने उनको भनाइ छ ।

एमालेको गठबन्धन बाहिर रहेको कांग्रेस र समाजवादीसँग मिलेर सरकार बनाएमा सुरुको आधा कार्यकाल नेतृत्व गर्ने सहमती गरेर सरकार बनाउन सक्ने उनको भनाई छ । 'हामी प्रदेशमा आफ्नो नेतृत्व स्विकार्ने दलहरुसँग समीकरण गर्न तयार छौ । तर, केन्द्रबाट पार्टीले हामिलाई त्यसको लागि अनुमति दिनुपर्छ । हामि आफै निर्णय गरेर भने नयाँ समीकरण बनाउन सक्दैनौ', थापाले भने ।

# रानी सामुदायिक वनको वार्षिकोत्सव



साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/हेटौंडा उपमहानगरपालिका-६, स्थित चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहको २९ औं वार्षिकोत्सव भएको छ ।

हेटौंडा-६ का वडा अध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता तथा रानी वन समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपानेको सभाध्यक्षतामा वार्षिकोत्सव कार्यक्रम भएको हो । कार्यक्रममा समूहद्वारा गठित विभिन्न महिला समूहले आर्थिक प्रतिवेदन पेश गरेका थिए । कार्यक्रमको अवसरमा महिला समूहलाई सहयोग गर्ने समूहकी सचिव नानीमाया रुम्वा र कार्यालय सचिव भीमसेन पौडेललाई दोसल्ला ओढाएर सम्मानित गरिएको छ । समूहले वार्षिकोत्सवको अवसरमा विभिन्न विधाका उत्कृष्ट उपभोक्ताहरुलाई सम्मान गरेको छ ।

उत्कृष्ट उपभोक्ताहरुमा मकवानपुरगढी-४ का खिलप्रसाद चौलागाई, हेटौंडा-६ का हरिप्रसाद खतिवडा र रामहरि राई, उत्कृष्ट कृषकमा हेटौंडा-६ का सुमन अधिकारी रहेका छन् । यसैगरी उत्कृष्ट कृषकमा हेटौंडा-६ का विष्णु बहादुर बास्तोला, नसरी तथा फलफूलमा हेटौंडा-६ की अमुना सापकोटा, सिलाइकटाईमा हेटौंडा-६ की शोभा श्रेष्ठ र सरसफाईमा हेटौंडा-६ का रविलाल गौतमलाई सम्मानित गरिएको छ ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाई, डिभिजन वन कार्यालय, राप्ती मनहरीका सहायक वन अधिकृत शम्भु तामाङ, समूहका सल्लाहका कृष्ण विडारी, चुच्चेखोला सामुदायिक वनका अध्यक्ष लक्ष्मण कटुवाल, जनकल्याण सहकारीका अध्यक्ष हिमाल पौडेल, कामधेनु सहकारीका अध्यक्ष उदय विडारी, न्यूरेनी चिसापानी सामुदायिक वनका उपाध्यक्ष रामचन्द्र अधिकारी, चित्रेपानी सामुदायिक वनका उपाध्यक्ष घनप्रसाद सापकोटालगायकतको आतिथ्यता थियो ।

# बागमती गोल्डकपको तयारी अन्तिम चरणमा



साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकामा भोलिदेखि हुने पाँचौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ ।

आयोजक खेलकुद विकास समिति बागमती गाउँपालिकाले प्रतियोगिताको तयारी तीव्र बनाएको हो । प्रतियोगिता भोलि २४ पुस आइतबारदेखि सुरु हुँदैछ । प्रतियोगिता फापरबारी बजार नजिक जनता माविको खेल मैदानमा हुनेछ ।

बागमती गोल्डकपको खेल तालिका सार्वजनिक गरिएको छ । प्रतियोगिताको उद्घाटन खेलमा जावलाखेल युथ क्लबसँग प्रतिस्पर्धा गर्ने भएका छन् ।

प्रतियोगितामा सात ए डिभिजन लिग, एक विदेशी र दुई स्थानीय टोली गरी १० टोलीको सहभागिता रहने आयोजकले जानकारी दिएको छ । प्रतियोगिताको विजेताले ८ लाख नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले चार लाख रुपैयाँ प्राप्त गर्नेछ ।

प्रतियोगिताको प्रत्येक खेलको म्यान अफ दी म्याचले व्यक्तिगत विधाका लागि पाँच हजार नगद सहित आकर्षक पुरस्कार प्रदान गर्ने जनाइएको छ । यसैगरी, ६ वटा विधामा उत्कृष्ट हुने खेलाडी जनही १० हजारका दरले पुरस्कृत हुने समितिले जनाएको छ । प्रतियोगिता सञ्चालनका लागि करिब ७१ लाख खर्च लाग्ने आयोजकले जानकारी दिएको छ । बागमती गोल्डकप जिल्लामा हुने फुटबल प्रतियोगिताअन्तर्गत् दोस्रो ठूलो हो ।

हेटौंडामै फुटबल संघ मकवानपुरले स्थानीय तह गोल्डकप गर्दै आएको छ । दुवै गोल्डकपमा स्थानीय तह सरकारहरुले सहयोग गरेका छन् । तर, खेलाडी उत्पादन भने शुन्य हुँदै आएको छ ।

# माघ १० भित्र राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ आगामी माघ १० गतेभित्र पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता गरिसक्न जिल्ला खेलकुद विकास समिति मकवानपुरले पालिकाहरुलाई सूचना पठाएको छ ।

बागमती प्रदेश खेलकुद विकास परिषद्को पत्रअनुसार चालु आर्थिक वर्षमा सञ्चालन गरिने प्रतियोगिता माघ १० गतेभित्र सम्पन्न गर्न जिल्ला खेलकुद विकास समिति मकवानपुरले पालिकाहरुलाई सूचना पठाएको हो ।

जिल्ला खेलकुद विकास समिति मकवानपुरका कार्यालय प्रमख माधव कोइरालाले पालिकास्तरीय प्रतियोगिता सम्पन्न भएलगत्तै जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता माघ मसान्तसम्म सम्पन्न गराउनुपर्ने कार्य तालिका रहेको जानकारी दिए । थाहा नगर पालिकाले भने प्रतियोगिता सञ्चालन गरेर खेलाडी छनौट गरिसकेको छ । प्रतियोगितामा महिला र पुरुष दुबैतर्फ भलिबल, कबयी, एथलेटिक्स, कराँते, तेक्वान्दो, सटफुट, ज्याबलिङ थ्रो, हाइजम्प, लङजम्पका खेलहरु हुनेछन् ।

गत आर्थिक वर्षमा जिल्लाका ७ स्थानीय तहले मात्र राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गरेका थिए । हेटौंडा उपमहानगरपालिका, थाहा नगर पालिका, बकैया गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, कैलाश गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका र राक्सिराङ गाउँपालिकाले मात्र पालिकास्तरीय प्रतियोगिता गरेको थियो । अन्य तीन स्थानीय तहले प्रतियोगिता सञ्चालन गरेनन् ।


## शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङ लगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

*जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# अशक्तलाई घरमै पुगेर परिचयपत्र वितरण



साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ इन्द्रसरोवर गाउँपालिकाले अति अशक्त व्यक्तिहरुलाई घरमा पुगेर नै अपाङ्गता परिचयपत्र वितरण गरेको छ ।

गाउँपालिकाले गाउँ पालिकासम्म पुग्न नसक्ने अशक्त व्यक्तिहरुलाई घरमा पुगेर नै अपाङ्गता परिचयपत्र वितरण गरेको हो । तीन दिने घरदैलो अपाङ्गता परिचय पत्र वितरण गरेको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाका योजना तथा प्रशासकीय अधिकृत दीपक चापागाईले गाउँपालिकाले १५ जना अपाङ्गता भएका व्यक्तिहरुलाई घरमा नै पुगेर परिचयपत्र वितरण गरेको जानकारी दिए । उनले गाउँपालिकासम्म आएर परिचय पत्र लिन नसक्ने अपांगता भएका व्यक्तिहरुको निवेदनको आधारमा उनीहरुलाई परिचयपत्र वितरण गरेको बताए । उनको अनुसार अभियानमा रातो र निलो वर्गको परिचयपत्र वितरण गरिएको छ । अभियान ५ वटै वडामा गरिएको उनको भनाई छ ।

अभियानको पहिलो दिन पुस १८, १९ र २० गते गरिएको उनले बताए । गाउँपालिकाले आयोजना गरेको शिविरमा छुटेका र अति अशक्तहरुलाई घरदैलो अभियानमा प्राथमिकता दिईएको जानकारी दिए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष उमा कुमारी लामा, योजना तथा प्रशासकीय अधिकृत दीपक चापागाई, स्वास्थ्य शाखा प्रमुख मन्नुनाथ अधिकारी, महिला तथा जेष्ठ नागरिक शाखा प्रमुख कमला देवी शर्मा लगायतको उपस्थिति रहेको थियो ।

# वार्षिकोत्सवमा न्यानो कपडा र खाद्यान्न सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/नेपाल फाइनान्स लिमिटेडले वार्षिकोत्सवको अवसरमा वृद्धाआश्रममा न्यानो कपडा र खाद्यान्न सहयोग गरेको छ ।

शुक्रबार परेको ३० औ वार्षिकोत्सवको अवसरमा लिमिटेडले वृद्धाआश्रममा न्यानो कपडा र खाद्यान्न सहयोग गरेको हो । हेटौंडा उपमहानगरपालिका वडा नम्वर १५ रातोमाटेमा रहेको दिव्य सेवा निकेतन वृद्धाआश्रममा आश्रित ३२ जना वृद्धवृद्धाहरुलाई न्यानो कपडा वितरण गरेको जनाइएको छ ।

शाखा प्रमुख अविरल श्रेष्ठले आश्रममा २ थान ग्याँस सिलिण्डर, २५ किलो दाल, २० किलो चिनी, १० लिटर तेल, ५ किलो सोयाविन लगायत खाद्यान्न सामाग्री वृद्धाआश्रमका केन्द्रिय अध्यक्ष तेजराम निरौलालाई हस्तान्तरण गरे । आश्रमका केन्द्रिय अध्यक्ष निरौलाले आश्रममा आउने यस्ता सहयोगले वृद्धवृद्धाको मनोबल बढाउने तथा आश्रम सञ्चालनलाई धेरथोर राहत मिल्ने बताए । सो अवसरमा फाइनान्सका प्रमुख कार्यकारी अधिकृत उद्धवराज थपलियाले नेपाल फाइनान्स अझ ग्राहकमुखी तथा समाजसेवामा लागिपर्ने बताए ।

फाइनान्सले देशभर १२ वटा शाखा कार्यालयहरुबाट विभिन्न किसिमका बचत खाता, मुद्धती खाता, ऋण सुविधाका साथै मोबाइल बैंकिङ, एटिएम, कनेन्ट आईपिएस र क्युआर गरी अत्यावश्यक सेवाहरु प्रवाह गर्दै आईरहेको हेटौंडा शाखाका अपरेशन ईन्चार्ज पुजा पाखिनले जानकारी दिए ।

# थाहाका ५६ ग्राहकको लाईन काटियो

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ बक्यौता महशुल नबुझाएको भन्दै नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रले थाहा नगरपालिकाको ५६ ग्राहकको विद्युत लाइन काटेको छ ।

लामो समयदेखि विद्युत महशुल नबुझाएका ग्राहकहरुको विद्युत लाईन काटेर पालुङ प्राधिकरणले वक्यौता उठाउन थालेको हो ।


पटक-पटक सूचना गर्दा पनि अटेर गरि बक्यौता नबुझाएका ग्राहकहरुको गत बुधबारबाट लाईन काट्न सुरु गरिएको वितरण केन्द्र प्रमुख बिरमान रास्कोटीले जानकारी दिए ।

प्राधिकरणले ३ दिनदेखि शुक्रबारसम्म ५६ ग्राहकको लाईन काटेको हो । लाईन काटिएपछि ४२ ग्राहकले महशुल तिरी लाईन जोडाउँदा प्राधिकरणले १० लाख बक्यौता अशुल गरेको छ । अहिले पालुङ प्राधिकरणको बक्यौता झण्डै २ करोड रहेको छ ।

बक्यौता अशुल गर्न ३ महिना भन्दा बढी समय विद्युत महशुल नबुझाउने ग्राहकको लिष्ट तयार गरी लाईन काट्न टोली परिचालन गरिएको पालुङ प्राधिकरणले जनाएको छ ।


## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।



होम डेलिभरिको पनि व्यवस्था छ ।

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

## थप सुविधाका साथ हाम्रा सेवाहरू

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

## दाहाल बन्धुहरूमा हार्दिक आमन्त्रण !

दाहाल प्रतिष्ठान बागमती प्रदेश समितिको दोश्रो प्रदेश अधिबेशन, मकवानपुर शाखा समितिको १० औं अधिबेशन एवं बृहत् बनभोज तथा पारिवारिक भेटघाट कार्यक्रम यहि पौष २३ गते हेटौंडामा हुने भएकाले बागमती प्रदेश भरिका दाहाल तथा बत्स गोत्रीय बन्धुबान्धबहरुमा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**मिति** : २०७९ पौष २३ गते, शनिबार
**समय** : बिहान ७ बजे
**स्थान** : हेटौंडा ६, रामनगर, बिन्धबासिनी मन्दिर परिसर

सम्पर्क:-९८५५०७००१४

## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.: ९८४५२९०३९१, ९८५५०८५३९१**

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
**हेटौडा सिटी हस्पिटल प्रा.लि.**
हेटौडा उपमहानगरपालिका-१
फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना